Registration No: 166891/073/074

Tarangini foundation

Phone No: +977-1-5712004/ 4114303
Email: foundationtarangini@gmail.com
House no: 446/70
Amarawati Gate, Kumarigal, Gaurighat, Kathmandu
Website: http://tarangini.org.np/

(An initiative for integrated security and feminist documentation)

च.नं.: ०८१/०८२/ ६८

मितिः २०८२/२/६

## प्रेस विज्ञप्तिः

## घरेलु श्रमिक र कृषि श्रमिक महिलाहरूको पहिचान र अधिकार सम्बन्धी गोलमेच अन्तरक्रिया सम्पन्न

अनौपचारिक महिला श्रमिकको पहिचानसँग सम्बन्धित चुनौती र सम्भावनाको सामूहिक धारणा विकास गर्ने, घरेलु र कृषिमा संलग्न महिला श्रमिकहरूलाई श्रम कानुन र पालिका स्तरीय संरचनामा समाहित गर्ने रणनीति तयार पार्ने तथा सरोकारवालाहरूको तर्फबाट संयुक्त प्रतिबद्धता जाहेर गरी दस्तावेज तयार गर्ने उद्येश्य राखी यही जेष्ठ ५, २०८२ तद्अनुसार १९ मे २०२५ मा तरङ्गिनी फाउन्डेसनले घरेलु श्रमिक र कृषि श्रमिक महिलाहरुको पहिचान र अधिकार सम्बन्धी गोलमेच अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको छ ।

महिलावादी दृष्टिकोणमा आधारित रही औपचारिक र अनौपचारिक श्रमको सीमाना तोड्दै न्यायको सुरुवात सधैं सबैभन्दा वहिष्कृत वर्गबाट हुनुपर्छ भन्नेमा तरङ्गिनी दृढ छ । तरङ्गिनी फाउण्डेसनले महिलाको श्रमको बहिष्कारलाई केवल एउटा संयोग होइन, कानुनी, आर्थिक, र सामाजिक संरचना भित्र बुनिएको पितृसत्तात्मक सोचको परिणामका रूपमा बुझ्छ । त्यसकारण, तरङ्गिनी फाउण्डेसनले नीतिनियममा रहेका खाल्डो मात्र भर्न चाहँदैन, श्रम न्यायको आधार नै पुनः परिभाषित गर्न चाहन्छ । घरेलु तथा कृषिमा संलग्न महिला श्रमिकहरू नेपालको अनौपचारिक अर्थतन्त्रको परिधिमा होइन, केन्द्रमा छन् र यी समुहलाई नेपालको रूपान्तरणको केन्द्रबिन्दुमा राख्नु पर्छ भन्ने विश्वास तरङ्गिनीले राख्छ ।

गोलमेच अन्तरक्रियामा सरकारका विभिन्न मन्त्रालय तथा आयोगका प्रतिनिधि, विभिन्न गैरसरकारी संस्थाका प्रतिनिधि, श्रमिक ट्रेड युनियनका प्रतिनिधि, घरेलु तथा कृषि श्रमिक महिलाहरू, श्रम कानुनका क्षेत्रमा काम गरिरहेका कानुनविद्, तथा सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा प्रकाश श्रेष्ठ, श्रम तथा व्यवसायजन्य सुरक्षा विभागका शाखा अधिकृत चक्र श्रेष्ठ, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका अधिकृत संगीता थापा, कृषि तथा पशुपन्छी विकास मन्त्रालयका कृषि इन्जिनियर बाध्यता काफ्ले, राष्ट्रिय मानव अधिकार आयोगका अधिकृत किरण कुमार बरम, शंखारापुर नगरपालिकाका उपमेयर समिता श्रेष्ठ उपस्थित हुनुहुन्थ्यो ।

साथै गैरसरकारी संस्था ILO, UN Women, Care Nepal, ActionAid, Oxfam Nepal, GIZ, FWLD,

होमनेट नेपाल, ओरेक नेपाल, स्वासा नेपाल, नेपाल महिला एकता समाज, मानव अधिकारका लागि जनमञ्चका प्रतिनिधिहरू, JTUCC र GEFONT बाट प्रतिनिधिहरू उपस्थित हुनुहुन्थ्यो ।

अन्तरक्रिया कार्यक्रममा तरङ्गिनीले घरेलु श्रमिक तथा कृषि श्रमिकहरूको चुनौती र समस्याहरूको विश्लेषण गर्दै ILO महासन्धी C184, C189 र C190 को अनुमोदन गरिनु पर्ने, घरेलु श्रमिकलाई श्रम प्रणालीमा पूर्ण रूपमा समावेश गरी सम्बन्धित ऐनहरू संशोधन गरिनुपर्ने लगायतका विषय समावेश गरी प्रस्तुतिकरण गर्दै छलफलका लागि मंच खुला गरेको थियो । कार्यक्रममा उपस्थित घरेलु श्रमिक तथा कृषि श्रमिकहरूले घरेलु श्रमिक महिलाहरुको र कृषि श्रमिक महिलाहरुको पहिचान र अधिकारको सुनिश्चितता हुन पर्ने माग व्यक्त गर्दै कानुनमा भएका व्यवस्था व्यवहारमा कार्यान्वयन हुनुपर्ने कुरामा जोड दिनुभयो ।

"श्रमको सम्मान, हाम्रो पहिचानः मर्यादित श्रम रुपान्तरणको अभियान" भन्ने नाराका साथ सम्पन्न यस गोल मेच अन्तरक्रिया कार्यक्रमको सहजीकरण फाउण्डेसनका संस्थापक अध्यक्ष श्री डा. रेणु अधिकारीले गर्नु भएको थियो । श्री डा. रेणु अधिकारीले महिलाको श्रमको पहिचान हुन पर्ने र सामाजिक रूपान्तरणका लागि महिलाको श्रम अनिवार्य रूपमा केन्द्रबिन्दुमा हुनु पर्ने, ILO महासन्धी को अनुमोदनलाई दबाब दिनु पर्ने, स्थानीय सरकारले श्रमिकको पहिचान र अधिकार सुनिश्चित गर्न पहल गर्नु पर्ने साथै रहेका श्रमसम्बन्धी नीतिहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन हुनु पर्ने कुरामा जोड दिनुभयो ।

कार्यक्रममा यस क्षेत्रमा कार्यरत संस्थाका प्रतिनिधिहरूले कानुनमा भएका कमीहरूलाई सच्याउँदै र भएका कानुनहरूलाई कार्यान्वयन गर्न यस क्षेत्रमा काम गर्ने सबै निकाय एकजुट भएर अघि बढ्नुपर्ने धारणा राख्नुभयो भने मन्त्रालय तथा आयोगका प्रतिनिधिहरूले यसका लागि आफूहरू सक्दो पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

गोमावती पुन (सिर्जना)
अध्यक्ष